बैठक संख्या ...... मिति ......
कार्यपालिकाको निर्णय प्रमाणित

<u>बैठक संख्या: ३३/०८०-८१, मिति २०८०/०७/१९ गतेको कार्यपालिका बैठकका निर्णयहरु:</u>

निर्णय नं.१: जाजरकोट जिल्ला रामीडाँडा केन्द्र विन्दु भएर मिति २०८०।०७।१७ गते शुक्रबार राती ११:४७ मा गएको भुकम्पका कारण जाजरकोट र रुकुम (पश्चिम) लगाएतका क्षेत्रमा ठुलो संख्यामा मानवीय क्षती, भौतिक क्षति र सयौं व्यक्तिहरु घाइते भएकाले मृतकप्रति श्रद्धाञ्जली प्रकट गर्ने र घाइतेप्रति स्वास्थ्य लाभको कामना गर्दै पिडितहरुको उद्धार, राहत र पुनर्स्थापनाको लागि यस नगरपालिकाबाट जाजरकोट जिल्ला विपद् व्यवस्थापन समितिलाई रु. ४ लाख र रुकुम (पश्चिम) जिल्ला विपद् व्यवस्थापन समितिलाई ३ लाख रकम वार्षिक स्वीकृत कार्यक्रम विपद् व्यवस्थापन कोषबाट उपलब्ध गराउने ।

निर्णय नं. २: यस नगरपालिका वडा नं. ३ स्थित कालिका माध्यामिक विद्यालय भवन निर्माण स्थलको प्रारम्भिक वातावरणीय प्रतिवेदन (IEE) र उक्त भवन निर्माणको विस्तृत परियोजना प्रतिवेदन (DPR) बैठकमा प्रस्तुत भई स्वीकृत गर्ने । साथै भवन निर्माण गर्न आवश्यक बजेट व्यवस्थापनको लागि भारतीय राजदुतावाससंग आवश्यक सहयोगको लागि प्रकृया अगाडी बढाउने ।

निर्णय नं. ३: यस नगरपालिकाको १३औं नगर सभा मिति २०८०।०३।१० गते र मिति २०८०।०३।२७ गतेमा नगरसभा सदस्य तथा कर्मचारी एवम् पदाधिकारीहरुको बैठक भत्ता SUTRA प्रणाली बन्द भई भुक्तानी हुँन बाँकी रहेकोले उक्त बैठक भत्ता चालु आर्थिक वर्षको पदाधिकारी वैठक भत्ताबाट उपलब्ध गराउन कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

निर्णय नं. ४: यस नगरपालिका ४ नं. वडा कार्यालयमा खानेपानीको धारा जडान गरिएकोले उक्त जडान खर्च रकम रु. २४५००।- भुक्तानीको लागि माग भइ आएकोले उक्त रकम खानेपानी आयोजना सम्बन्धी विविध खर्च बाट उपलब्ध गराउने ।

CS CamScanner